नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

सिंहदरबार, काठमाडौं

फोन:०१-४२००३३१
४२००३३२
www.mofaga.gov.np
सिंहदरबार, काठमाण्डौ ।

नेपाल सरकार । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

प.सं.: ०७६/७७
च.नं.: ८८

मिति २०७७।०१।२४

श्री जिल्ला समन्वय समिति (सबै),
श्री स्थानीय तह (सबै) ।

विषयः- उप समिति गठन गर्ने सम्बन्धमा ।

उपर्युक्त विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. ०१, मिति २०७७।०१।२३ को पत्र बमोजिम 'कोरोना भाइरस (COVID-19) संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुको बारेमा सुधार तथा सम्बोधन गर्न र सामाजिक संघसंस्था परिचालन गर्ने सम्बन्धी कार्ययोजना, २०७७' तयार भएको छ । उक्त कार्ययोजनाको बुदाँ नं ४ मा कार्ययोजनाको कार्यान्वयनका लागि माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूको संयोजकत्वमा निर्देशक समिति रहने साथै सोही बुदाँको ५(च) मा प्रदेश सामाजिक विकास मन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय, जिल्ला समन्वय समितिको संयोजकत्वमा जिल्लास्तरीय तथा पालिका प्रमुखको संयोजकत्वमा पालिकास्तरीय उप समिति गठन गर्ने व्यवस्था रहेकोले समितिहरु गठन गरी उक्त कार्ययोजना कार्यान्वयन गर्न अनुरोध भई आएको हुदाँ सो समितिहरु गठन गरी कार्ययोजना कार्यान्वयनका लागि निर्देशानुसार अनुरोध छ ।

नोटः कार्ययोजना महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको Website मा रहेको व्यहोरा अनुरोध छ ।

२०७७।०१।२४
वन्दना कर्ण
शाखा अधिकृत

बोधार्थः
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार ।
श्री सूचना प्रविधि शाखाः पत्र Website मा Upload गरिदिनु हुन ।

Scanned with CamScanner